निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref:

मिति : २०८३/०५/०२
नेपाल संवत् : ११४६ गुंलाथ्व ६

## प्रेस विज्ञप्ति

आयोगले आज पूर्व प्रमुख निर्वाचन आयुक्तज्यूहरू र पूर्व निर्वाचन आयुक्तज्यूहरूसँग निर्वाचन व्यवस्थापनका विभिन्न विषयमा छलफल गरेको छ। नवनियुक्त माननीय प्रमुख निर्वाचन आयुक्तज्यू र निर्वाचन आयुक्तज्यूहरू पद बहाली गरे पश्चात आयोगले निर्वाचन व्यवस्थापनमा अघि बढाएका सुधारका योजनाहरूमा पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले आयोजना गरिएको सो छलफलमा निर्वाचन व्यवस्थापनका कानुनी, प्रविधिगत, व्यवस्थापकीय सुधार लगायतका विविध विषयमा छलफल भई समसायमिक सुधारका लागि पृष्ठपोषण प्राप्त भएको छ।

पूर्व प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूले आयोगको नयाँ नेतृत्वलाई शुभकामना दिदै निर्वाचन सञ्चालन र व्यवस्थापनका सम्बन्धमा आयोगले आर्जन गरेको साखलाई कायम राखी थप उचाईमा पुऱ्याउन नयाँ नेतृत्व सफल हुने विश्वास व्यक्त गर्नुभयो। यसैगरी निर्वाचन व्यवस्थापनका क्षेत्रमा देखिएका पछिल्ला चुनौतीहरूलाई सम्वोधन गर्न निर्वाचनको विधि तथा पद्धतीमा समसामयिक सुधारका सम्भावना खोजी गर्नुपर्ने कुरा राख्नु भएको थियो। साथै सरोकारवालाहरूसँग छलफल, सूचना प्रविधिले ल्याएका सम्भावनाको उपयोग, पारदर्शी कार्यशैली जस्ता विगतदेखि अवलम्वन गरिएका रणनीतिहरूलाई निरन्तरता दिदै परिवर्तित समयको आवश्यकता अनुरूप कार्यसम्पादनका लागि आयोगको संस्थागत क्षमता थप अभिवृद्धि गर्न र सोसँग सम्वन्धित निकायहरूसँग सहकार्य गर्नुपर्ने कुरामा समेत उहाँहरूको जोड रहेको थियो।

कार्यक्रममा समापन मन्तव्य राख्दै माननीय प्रमुख निर्वाचन आयुक्त मानवहादुर कार्कीले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्ने आयोगको जिम्मेवारीलाई पूरा गर्न र समय सापेक्ष रूपमा यसलाई थप सुदृढ वनाउन आयोगको वर्तमान नेतृत्व सक्षम तथा प्रतिबद्ध रहेको धारणा राख्नु भएको थियो। उपस्थित पूर्व प्रमुख आयुक्तहरू र निर्वाचन आयुक्तहरूलाई स्वागत गर्दै माननीय निर्वाचन आयुक्त सगुन सम्शेर ज. व. रा. ले निर्वाचन व्यवस्थापनमा आयोगले गरेका नवीनतम कार्यहरूको चर्चा गर्नु भएको थियो।

कार्यक्रममा माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधर, गुरूप्रसाद वाग्ले, डा. राजीव सुब्बा र निमित्त सचिव नारायण प्रसाद भट्टराईको उपस्थिति रहेको थियो भने पूर्व प्रमुख निर्वाचन आयुक्तहरू सुर्य प्रसाद श्रेष्ठ, भोजराज पोखरेल, निलकण्ठ उप्रेती र पूर्व निर्वाचन आयुक्तहरू प्रा. डा. वीरेन्द्र प्रसाद मिश्र, विश्वमान श्रेष्ठ, जयराम सिंह वोहरा, नरेन्द्र दाहाल, सुधीर कुमार शाहको उपस्थिति रहेको थियो।

नारायण प्रसाद भट्टराई
सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

CamScanner